# नेपाली सैनिक अल्पसेवा नियमावली, २०४१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०४१।९।२४

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम  नेपाली सैनिक अल्पसेवा नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "प्रवर समिति" भन्नाले सैनिक प्राविधिक सेवा नियमहरू, २०१९ को नियम ४ बमोजिम गठन हुने प्रवर समिति सम्झनुपर्छ ।

(ख) "प्राविधिक पद" भन्नाले नेपाली सेनाको प्राविधिक उप-सेनानी र प्राविधिक सह-सेनानीको पद सम्झनुपर्छ ।

(ग) "बेसिक तालीम" भन्नाले नेपाली जङ्गी अड्डाबाट बेसिक तालीम भनी निर्धारण गरेको तालीमलाई सम्झनुपर्छ ।

३. **नियुक्ति** : (१) प्रवर समितिले सैनिक प्राविधिक सेवा नियमहरू, २०१९ मा तोकिएका योग्यता भएका व्यक्तिमध्येबाट छनौट गरी प्राविधिक उप-सेनानीमा  नियुक्तिको लागि सिफारिश
गर्नेछ ।

(२) उप-नियम (१) बमोजिम सिफारिश गरिएको उम्मेदवारलाई नेपाल सरकारले नियुक्ति दिनेछ ।

४. **सेवा अवधि** : अल्पसेवाको अवधि पाँच वर्षको हुनेछ ।

५. <u>**स्थायी सेवामा नियुक्ति**</u> : अल्पसेवामा नियुक्ति भएको व्यक्ति प्रवर समितिको सिफारिशमा नेपाली सेनाको रिक्त प्राविधिक पदमा स्थायी नियुक्ति हुन सक्नेछ ।

६. <u>**बढुवा**</u> : अल्पसेवाको प्राविधिक उप-सेनानीमा दुई वर्षको सेवा अवधि पूरा गरी सकेका र बेसिक तालीम प्राप्त गरेका व्यक्तिलाई अल्पसेवाको प्राविधिक सह-सेनानीमा बढुवा गर्न सकिनेछ ।

७. <u>**स्थायी नियुक्ति भएमा अल्पसेवाको अवधि गणना गरिने**</u> : नियम ५ बमोजिम स्थायी नियुक्ति भएमा अल्पसेवामा रही काम गरेको पूरै अवधि स्थायी सरह गणना गरिनेछ ।

८. <u>**सहुलियत**</u> : अल्पसेवामा काम गर्ने व्यक्तिले नेपाली सेनाले पाउने सबै सहुलियत र सुविधा पाउनेछ ।

९. <u>**बचाउ**</u> : यस नियमावलीमा लेखिएको कुरा यसै नियमावली बमोजिम र अन्य कुरा सैनिक सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

नेपाल कानुन आयोग